प्रधान कार्यालय
धर्मपथ, काठमाडौं ।

# प्रेस विज्ञप्ति

## बैंकको ६१ औं वार्षिक साधारण सभाबाट १६ प्रतिशत लाभांश पारित

आज मिति २०७७ पौष २९ गते बुधबारका दिन नेपाल बैंक लिमिटेड प्रधान कार्यालय, धर्मपथ, काठमाडौंबाट र भर्चुअल (Zoom) मार्फत आयोजना गरिएको यस बैंकको ६१ औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री वासुदेव अधिकारीज्यूको सभापतित्वमा सम्पन्न भयो । यस अवसरमा बैंकको आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७६/७७ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु पारित भयो ।

सभाले हालको चुक्ता पूँजी रु.११,२८,२८,२०,२००/- को ४ (चार) प्रतिशतका दरले हुन आउने रु.४५,१३,१२,८०८/- (अक्षेरुपी पैंतालिस करोड तेह्र लाख बाह्र हजार आठ सय आठ) नगद लाभांश (लाभांश कर समेत) र चुक्ता पूँजीको १२ (बाह्र) प्रतिशतका दरले हुन आउने रु.१,३५,३९,३८,४२४/- (अक्षेरुपी एक अर्ब पैंतिस करोड उन्चालिस लाख अड्तिस हजार चार सय चौविस) रकम बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरेको छ । साथै, बोनश शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पूँजीमा वृद्धि गरी रु.१२,६३,६७,५८,६२४/- (अक्षेरुपी बाह्र अर्ब त्रिसठ्ठी करोड सतसठ्ठी लाख अन्ठावन्न हजार छ सय चौविस) कायम गर्ने र सोही बमोजिम प्रवन्धपत्र तथा नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने लगायत साधारण सभामा पेश भएका प्रस्तावहरु समेत सर्वसम्मतरुपमा पारित गरेको छ ।

साथै, साधारण सभामा तय भएको सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकको निर्वाचन गर्ने कार्यक्रम मतदान प्रकृया मार्फत सम्पन्न भई श्री विवेक शमशेर ज.ब.रा., श्री विष्णु कुमार अग्रवाल र कर्मचारी सञ्चय कोषका प्रतिनिधि श्री ओम कृष्ण श्रेष्ठ सञ्चालक पदमा निर्वाचित हुनु भएको छ ।

अन्तमा, सभाका अध्यक्षज्यूले शेयरधनीहरुबाट प्राप्त सुझाव अनुसार बैंकको काम कारबाहीहरु सञ्चालन गर्ने विश्वास दिलाउँदै सम्पूर्ण शेयरधनी महानुभावहरु तथा सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

काठमाडौं, २०७७ पौष २९ गते, बुधबार ।

केशवप्रसाद भण्डारी
कम्पनी सचिव

नेपाल बैंक लिमिटेड
प्रधान कार्यालय, काठमाडौं

फोन नं.: ०१४२३९८८८, ४२४७९९९ | टोल फ्री नं.: १६६००१३७३७३ | फ्याक्स: ९७७-०१-४२२०४१४
ईमेल: info@nepalbank.com.np | वेबसाइट: www.nepalbank.com.np


नेपाल बैंक लिमिटेडको
६१ औं वार्षिक साधारण सभा
२०७७ पौष २९ गते बुधवार
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
६१ औं वार्षिक साधारण सभा
२०७७ पौष २९ गते बुधवार


नेपाल बैंक लिमिटेडको
औं वार्षिक साधारण सभा
६१ औं वार्षिक साधारण सभा
नेपाल बैंक लिमिटेड


नेपाल बैंक लिमिटेडको
औं वार्षिक साधारण सभा
PLATINUM


नेपाल बैंक लिमिटेडको
PLATINUM